**क) गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्रको लागि आवेदन पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरू:**

१. अनुसूची- ८ग. बमोजिम सम्बन्धित वडाको सिफारिस सहितको निवेदन,

२. निवेदन दिने व्यक्ति वा निजको वावु वा आमा , बाजे वा बज्यै साविकमा नेपालको नागरिक रहेको प्रमाणपत्र,

३. सम्बन्धित व्यक्तिले साविकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण/ नेपाली नागरिकताको प्रमाणपत्र,

४. विदेशि मुलुकको नागरिकता /नागरिक भएको प्रमाण,

५. हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपी,

६. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनका सदस्य राष्ट्रबाहेकको देशमा बसोवास गरेको प्रमाण,

६. अनुसूची-८घ बमोजिमको नेपालको संविधान र कानुनको परिपालना गर्ने प्रतिवद्धतापत्र,

७. प्रहरीको स्थलगत सर्जमिन मुचुल्का समेत कार्यालयले थप बुझ्न आवश्यक ठानेका अन्य कागजातहरु ।

८. गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नको लागि गृह मन्त्रालयबाट System Update गर्ने कार्य भैरहेकोले उक्त कार्य सम्पन्न भए पश्चात मात्र नागरिकताको प्रमाणपत्र जारी गर्ने कार्य प्रारम्भ हुनेछ ।

२०८०।०३।१४

सावित्रा पुन
सहायक प्रमुख जिल्ला अधिकारी

**ख) नेपाली महिला नागरिक आमा (बाबुको पहिचान नभएको/हुन नसकेको) बाट जन्मेका सन्तत्तिले नेपाली नागरिकताको प्रमाणपत्र पाउनको लागि आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु:**

१. अनुसूचि-१ बमोजिम सम्बन्धित वडाको सिफारिस सहितको निवेदन,

२. निवेदकको जन्म दर्ता प्रमाणपत्र र  शैक्षिक प्रमाणपत्र,

३. आमाको नेपाली नागरिकताको प्रमाणपत्र,

४. जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको पारिवारिक विवरण सहितको सिफारिस,

५. निजको जन्म नेपालमा भई नेपालमा नै बसोबास गर्दै आएको र निजको बाबुको पहिचान हुन नसकेको व्यहोरा खुल्ने गरी सम्बन्धि स्थानीय तहले गरिदिएको सिफारिस ,

६. आमा र सन्तत्तिको फोटो सहितको नाता प्रमाणपत्र,

७. बसाईसराई गरि आएकाहरुको हकमा बसाईसराई दर्ता प्रमाणपत्र,

८. जग्गाधनी प्रमाण पुर्जा,

९. बाबुको पहिचान हुन नसकेको व्यक्तिले अनुसूची- ४क. बमोजिमको ढाँचामा र निजको आमाले अनुसूची-४ख. बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत समक्ष गरेको स्वघोषणा ,

१०. प्रहरीको स्थलगत सर्जमिन मुचुल्का  समेत कार्यालयले थप बुझ्न आवश्यक ठानेका अन्य कागजातहरु ।

**तर निवेदन दिदाँको बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भईसकेकोमा मृत्यु दर्ता प्रमाणपत्र र होस ठेगानामा नरहेकोमा स्वीकृत चिकित्सकले गरेको सिफारिस सहित निवेदकले गरेको अनुसूची-४क. बमोजिमको स्वघोषणा संलग्न गर्नु पर्नेछ ।**

सावित्रा पुन
सहायक प्रमुख जिल्ला अधिकारी

**ग) विदेशी पुरुष नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकको सन्तत्तिले नेपाली नागरिकताको प्रमाणपत्र पाउनको लागि आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु:**

१. अनुसूची-७ बमोजिम सम्बन्धित वडाको सिफारिस सहितको निवेदन

२. निवेदकको जन्म दर्ता प्रमाणपत्र र शैक्षिक प्रमाणपत्र,

३. आमा र सन्तत्तिको फोटो सहितको नाता प्रमाणपत्र,

४. आमाको नेपाली नागरिकताको प्रमाणपत्र, / आमाको मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्र,

५. बसाईसराई गरि आएकाहरुको हकमा बसाईसराई दर्ता प्रमाणपत्र,

६. जग्गाधनी प्रमाण पुर्जा,

७.आमाको विवाह दर्ता समेतको पारिवारिक विवरण

८. सम्बन्धि स्थानीय तहले गरिदिएको किटानी सिफारिस ,

४. जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको पारिवारिक विवरण सहितको सिफारिस,

९. अनुसूची- ७क. बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत समक्ष गरेको स्वघोषणा ,

सावित्रा पुन
सहायक प्रमुख जिल्ला अधिकारी